कम्पनी रजिष्ट्रारको कार्यालयको सूचना

यस कार्यालयले मिति २०८०।६।१५ गतेबाट नयाँ सफ्टवेयर संचालन गर्ने अनुमानित समय तालिका सार्वजनिक गरेको व्यहोरा सरोकारवालाहरु सवैलाई विदितै छ। कार्यालयले तर्जुमा गरेको सफ्टवेयरमा थप प्राविधिक तैयारी गर्न र लागू गर्नु अघि पटक पटक परिक्षण गर्नु पर्नाको कारणले नयाँ सफ्वेयर लागू गर्न थप केही समय लाग्ने देखिएको छ । उक्त कार्यका लागि यस कार्यालयले तिव्रताका साथ यसको तैयारी गरिरहेको व्यहोरा अनुरोध गरिन्छ । नयाँ सफ्टवेयर लागू गर्ने मिति केही समयमा सार्वजनिक गरिन नै छ । हाललाई सम्पूर्ण सरोकारवालाहरुलाई आफ्नो तर्फ निम्न वमोजिम पूर्व तयारी गर्नु हुन यसै सूचनाद्धारा पुनः सूचित गरिएको छ ।

१) आफ्नो कम्पनीको तर्फबाट सिस्टममा प्रवेश गर्ने माध्यम युजर नेम र पासवर्ड (DTP) भएकोले आफ्नो कम्पनीको यस्तो विवरण स्वयं सुरक्षित रुपमा राख्नु होला। आफ्नो विवरण अन्य असम्बन्धित व्यक्तिलाई प्रयोग गर्न दिदाँ गोप्य सूचना चुहावट हुन सक्ने तथा प्रचलित कानुन विपरितका कार्य हुन सक्ने तर्फ सचेत रहनु हुन ।

२) कम्पनीको पूर्ण ठेगाना, फोन नं. (एक पटक प्रयोग हुने पासवर्ड पठाउनु पर्ने भएकोले मोवाइल नं.) तथा इमेल जस्ता आगामी नयाँ सफ्टवेयरका लागि अत्यावश्यक पर्ने विवरणहरु हालकै प्रणालीमा समयमै अध्यावधिक गर्नु हुन ।

३) एउटा फोन नं. (मोवाइल) एक भन्दा वढि कम्पनीले प्रयोग गर्न नसक्ने भएकोले दोहोरो परेको भए समयमा नै हटाउनु हुन ।

४) आगामी दिनमा नयाँ कम्पनी दर्ता तथा यस पूर्व दर्ता भएका कम्पनीहरुको प्रशासन सम्बन्धी कार्य गर्दा प्रत्येक शेयरधनी प्राकृतिक व्यक्तिको राष्टिय परिचय पत्र नं. अनिवार्य गरिने भएकोले सम्बन्धित निकायमा गई राष्ट्रिय परिचय पत्रको प्रकृया पुरा गरी समयमै परिचय पत्र नं. लिनु हुन ।

५) आगामी सफ्वेयरमा सेवाग्राही कम्पनीहरुको लागि विद्युतीय हस्ताक्षर सहित पूर्ण विद्युतीय सेवा लिने वा हाल प्रचलनमा रहेजस्तै आंशिक विद्युतीय तथा भौतिक उपस्थितिमा सेवा लिने गरी विकल्प प्रस्ताव गरिएकोले दुवै विकल्पहरुको लागि आवश्यक तैयारीहरु गर्नु हुन ।

६) कम्पनी वा ट्रष्ट सेवा प्रदायकहरु र कम्पनी दर्ता तथा प्रशासनमा सहयोग गर्ने व्यवसायी तथा पेशाविद्हरुले नयाँ सफ्टवेयरमा पूर्ण विद्युतीय सेवा लिने ग्राहकहरुलाई सेवा दिन आवश्यक पूर्वाधारको पूर्व तयारी गर्नु हुन ।

७) कम्पनी दर्ता र प्रशासनको लागि केन्द्रमा आउनु पर्ने वाध्यता हटाउने उद्देश्यले नयाँ सफ्टवेयर तर्जुमा गरिएको र वाहिरी जिल्लाहरुमा प्रत्येक उद्यमीले निजी रुपमा विद्युतीय पूर्वाधार तयार गर्न व्यवहारिक नहुने कुरालाई ध्यानमा राख्दै यस्ता उद्यमीहरुलाई सहयोग गर्न आवश्यक पूर्वाधारको तयारी गर्न तत् तत् जिल्लामा कृयाशिल व्यवसायी तथा पेशाकर्मीहरु, स्थानीय तह (खासगरी जिल्ला

सदरमुकाम रहेको स्थानको स्थानिय तहका केही वडाहरु), उद्योग वाणिज्य संघको स्थानिय इकाई वा अन्य उपयुक्त संयन्त्रले यस कार्यालय संग समन्वय गरी उक्त पूर्वाधारहरुको तयारी गर्नु हुन ।

८) नयाँ सफ्टवेयरमा कुनै पनि कम्पनीको प्रवन्धपत्र, नियमावली, कम्पनी दर्ता प्रमाण पत्र, शेयरधनी लगत, संचालक लगत, कम्पनी अध्यावधि भएको विवरण र नियामक निकायबाट प्राप्त इजाजतको विवरण कागजातहरु प्रणालीको कम्पनी संचालनले प्रयोग गर्ने खण्ड (Dashboard) मा सम्बन्धित कम्पनीले उक्त विवरणको वहुउपयोग गर्न सक्ने गरी राख्ने तयारी गरिएकोले सो वमोजिमका हालको प्रणालीमा पेश नगरिएका कागजात प्रणालीमा अपलोड गर्न एवं प्रवन्धपत्र र नियमावलीको पटक पटक संशोधन गरेका कम्पनीहरुलाई उक्त दस्तावेजहरु आवश्यक सम्पादन गरी एकीकृत स्वरुपमा तयार गरी राख्नु हुन ।

थप जानकारीको लागि कार्यालयका सूचना अधिकारी/प्रवक्ता संग सम्पर्क राख्नु हुन समेत अनुरोध गरिएको छ । कम्पनी प्रशासनमा यहाँहरु सवैले पुऱ्याउनु भएको सहयोगको लागि धन्यवाद ।

(सूचना अधिकारी)

उप-रजिष्ट्रार